श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४७ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## गाउँ विकास समितिको गठन र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः ग्रामीण जनताको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि ग्रामीण विकासका कार्यक्रमहरू सञ्चालन गर्न तथा त्यस्ता विकास कार्यहरूको रेखदेख तथा समन्वय गर्न गाउँ विकास समितिको गठन र व्यवस्था गर्न वान्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेकोछ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गाउँ विकास समिति ऐन, २०४७" रहेकोछ ।



१३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्म लागू रहनेछ ।

तर श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यो ऐनको अवधि अर्को एक वर्षसम्म बढाउन सक्नेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "गाउँ विकास समिति" भन्नाले दफा ३ बमोजिम गठित गाउँ विकास समिति सम्झनु पर्छ ।

(ख) गाउँ विकास समितिको सम्बन्धमा "सदस्य" भन्नाले अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ ।

(ग) "सचिव" भन्नाले गाउँ विकास समितिको सचिव सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम वा यस ऐन अन्तर्गत श्री ५ को सरकारले तोकिदिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## गाउँ विकास समितिको गठन

३. गाउँ विकास समितिको गठन: (१) जिल्ला विकास समितिले आवश्यक जाँचबुझ गरी कुनै गाउँ वा गाउँहरूको समूहलाई ग्रामीण क्षेत्र घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित प्रत्येक ग्रामीण क्षेत्रमा ग्रामीण विकास कार्यक्रमहरू सञ्चालन गर्न तथा ग्रामीण विकास कार्यहरूको रेखदेख तथा समन्वय गर्न गाउँ विकास समिति गठन हुनेछ ।

(३) गाउँ विकास समितिमा अध्यक्ष र उपाध्यक्ष सहित जिल्ला विकास समितिले तोकेका बढीमा एघार जना सदस्य रहनेछन् ।

(४) जिल्ला विकास समितिले आवश्यक देखेमा गाउँ विकास समितिका सदस्यहरूमा हेरफेर गर्न सक्नेछ ।

४. पद त्याग गर्न सकिने: गाउँ विकास समितिको अध्यक्षले जिल्ला विकास समिति समक्ष र उपाध्यक्ष तथा सदस्यहरूले अध्यक्ष समक्ष लिखित राजिनामा दिई पद-त्याग गर्न सक्नेछन् ।



९८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. गाउँ विकास समिति संगठित संस्था हुनेः (१) गाउँ विकास समिति अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) गाउँ विकास समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) गाउँ विकास समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न र बेच बिखन गर्न सक्नेछ।

(४) गाउँ विकास समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिश उजूर लाग्न सक्नेछ।

## परिच्छेद – ३
## गाउँ विकास समितिको बैठक र कार्यप्रणाली

६. गाउँ विकास समितिको बैठकः (१) गाउँ विकास समितिले अन्यथा निर्णय गरेमा बाहेक अध्यक्षले कम्तिमा महीनामा एक पटक गाउँ विकास समितिको बैठक बोलाउनु पर्नेछ।

(२) गाउँ विकास समितिको आधाभन्दा बढी सदस्यले बैठक बोलाई पाउँ भनी अध्यक्ष समक्ष लिखित माग गरेमा त्यसको सात दिनभित्र अध्यक्षले बैठक बोलाउनु पर्नेछ।

(३) उप-दफा (२) बमोजिम अध्यक्षले बैठक नबोलाएमा उपाध्यक्षले अर्को सात दिनभित्र गाउँ विकास समितिको बैठक बोलाउनु पर्नेछ।

(४) उप-दफा (३) बमोजिम उपाध्यक्षले पनि बैठक नबोलाएमा सचिवले सो म्याद नाघेको एक महीनाभित्र गाउँ विकास समितिको बैठक बोलाउन सक्नेछ।

७. बैठकको गणपूरक संख्याः (१) गाउँ विकास समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरू उपस्थित नभई गाउँ विकास समितिको बैठक बस्ने छैन।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गणपूरक संख्या नपुगेको कारणले दोस्रो पटक बैठक बोलाउँदा पनि गणपूरक संख्या नपुगेमा तेस्रो पटक बैठक बोलाउँदा एक तिहाई सदस्यहरू उपस्थित भए पनि बैठक गर्न सकिनेछ।



९८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. बैठकको अध्यक्षताः गाउँ विकास समितिको बैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुबैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

९. बैठकको निर्णयः (१) गाउँ विकास समितिको बैठकको निर्णय बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट गरिनेछ ।

(२) बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुने छैन तर बैठकमा मत बराबर भएमा निजले निर्णायक मत दिन सक्नेछ ।

१०. बैठक सम्बन्धी अन्य कार्य प्रणालीः गाउँ विकास समितिको बैठक सम्बन्धी अन्य कार्य प्रणाली गाउँ विकास समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११. पारिश्रमिक तथा बैठक भत्ताः (१) गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षले आफ्नो पदमा रही काम गरे बापत गाउँ विकास समितिको कोषबाट तोकिए बमोजिम पारिश्रमिक पाउन सक्नेछन् ।

(२) गाउँ विकास समितिका सदस्यहरूले गाउँ विकास समितिको बैठकमा भाग लिए बापत गाउँ विकास समितिको कोषबाट तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद–४

## गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार

१२. गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारः (१) अध्यक्ष वा निजले तोकिदिएको सदस्य वा सदस्यहरूको उप-समिति मार्फत आफ्नो क्षेत्र भित्र देहाय बमोजिमका कामहरू गर्नु गाउँ विकास समितिको कर्तव्य र अधिकार हुनेछः–

(१) गाउँ विकास योजना स्वीकृत गर्ने ।

(२) जिल्ला विकास समिति अन्तर्गत परेका आफ्नो क्षेत्रसंग सम्बन्धित कार्यक्रम तथा आयोजनाको प्रगति विवरण माथि छलफल गरी सम्बन्धित निकायहरूमा प्रतिकृया पठाउने ।

(३) प्रौढ शिक्षा सञ्चालन गर्ने ।

(४) साक्षरता बढाउन साक्षरता अभियान सञ्चालन गर्ने ।



१४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) प्राथमिक तहसम्म अनिवार्य निःशुल्क शिक्षा दिन एक वा एक भन्दा बढी गाउँहरू मिली प्राथमिक पाठशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(६) पुस्तकालय, वाचनालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(७) पुरातात्विक, धार्मिक तथा सामाजिक महत्त्वका स्थान तथा वस्तुहरूको लगत राख्ने र तिनीहरूको हेरचाह तथा संरक्षण गर्ने ।

(८) फोहर मैला फ्याँक्ने स्थान तोक्ने र गाउँ भरिको फोहर मैला सोही ठाउँमा फ्याँक्न लगाउने प्रबन्ध गर्ने ।

(९) जनसाधारणको स्वास्थ्यलाई हानिकारक हुने जुनसुकै कुरा हटाउन, गाड्न, पोल्न वा अन्य कुनै किसिमबाट नष्ट गर्ने गराउने ।

(१०) मसानघाट र सिनो फ्याँक्ने ठाउँको प्रबन्ध गर्ने ।

(११) बाल बालिकालाई बि. सि. जी., पोलियो तथा अन्य सरुवा रोग विरुद्ध खोप लगाउन यथासक्य व्यवस्था गर्ने ।

(१२) कुनै महामारी सरुवा रोग फैलिएमा सो रोगको उपचार तथा रोक-थामको व्यवस्था मिलाउने ।

(१३) आफ्नो क्षेत्र भित्रको जनसंख्याको लगत अद्यावधिक रूपमा तयार गरी राख्ने ।

(१४) श्री ५ को सरकारको सम्बन्धित निकायसंग परामर्श गरी तथा आवश्यक सहयोग लिई आफ्नो क्षेत्र भरीको जन्म, मृत्यु, विवाह, बसाई सराई तथा अन्य व्यक्तिगत घटनाहरू दर्ता गरी अद्यावधिक राख्ने ।

(१५) रेबिज रोगको नियन्त्रणको लागि भुस्याहा कुकुर सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(१६) कृषकलाई उन्नत जातको बिउ, मल, किटनाशक औषधि तथा कृषि सामग्री साझा संस्था मार्फत बिक्री वितरणको प्रबन्ध मिलाउने ।

(१७) पशुचरनको लागि गौचरनको व्यवस्था गर्ने ।

(१८) कृषि जन्य वस्तुहरूको खरिद बिक्रीको लागि हाट बजार, मेला, तमासा आदि खडा गर्ने प्रबन्ध मिलाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१९) बाँध, पैनी, कुलो, पोखरी, कुलेशा, कुवा आदिको निर्माण मर्मत तथा सम्भार गरी सिंचाईको व्यवस्था गर्ने ।

(२०) नहर, कुवा, पैनी आदिको रेखदेख गर्ने ।

(२१) गोरेटो, घोरेटो, मोटर चल्न सक्ने कच्ची वा पक्की बाटो तथा सडकको निर्माण, मर्मत तथा सम्भार गर्ने ।

(२२) पार्क, उद्यान, व्यायामशाला आदिको यथासक्य निर्माण, मर्मत सम्भार तथा व्यवस्था गर्ने ।

(२३) आफ्नो भोगको जग्गामा बजारको निर्माण गरी त्यसको समुचित प्रबन्ध मिलाउने ।

(२४) श्री ५ को सरकारमा दर्ता गर्नु नपर्ने पशु गाडाहरू, रिक्सा, साइकल, ठेला गाडी आदि सवारीका साधन चलाउन त्यस्ता सवारी दर्ता गरी नम्बर प्रदान गर्ने ।

(२५) सार्वजनिक स्थलमा धारा, पानी टयांकी, इनार, कुवा, ह्याण्ड–पम्प आदिको निर्माण, मर्मत तथा सम्भार गर्ने ।

(२६) गाउँलेहरूलाई वृक्षारोपण गर्न प्रोत्साहन दिने ।

(२७) आफ्नो जिम्मामा रहेको वनको रेखदेख संरक्षण तथा उपयोग गर्ने ।

(२८) वन विकासको निम्ति कुनै खास वन क्षेत्र उपयोग गर्ने जनताको उपभोक्ता समिति गठन गरी त्यसको माध्यमबाट वृक्षारोपण लगायत वन विकास तथा व्यवस्थापन निरन्तर गराउने ।

(२९) बाटो, सडक, बाँध, खोला, नदी, भीर, पाखा आदिमा भू-क्षय हुन नदिन वृक्षारोपण गर्ने गराउने र त्यसको हेरचाह गर्ने ।

(३०) खाद्यान्न, दैनिक उपभोगका अन्य वस्तु तथा कृषि सामग्री सुपथ मूल्यमा सुलभ किसिमले उपलब्ध गराउन साझा संस्था मार्फत बिक्रीको व्यवस्था गर्ने ।

(३१) गोबर ग्याँसको उपयोगिता बारे प्रचार प्रसार गर्ने र गोबर ग्याँस प्लाण्ट स्थापनाको लागि कृषकलाई आवश्यक पर्ने ऋण प्रदान गर्न कृषि विकास बैंकमा सिफारिश गरी पठाउने ।

(३२) यस ऐनको अधीनमा रही बेवारिसी व्यक्तिको चल अचल सम्पत्तिको हेर विचार गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३३) आगलागी, भूखमरी, बाढी, पैन्हो आदि दैवी प्रकोप परेमा सो बाट पीडित जनताको उद्धार एवं सहायताको प्रबन्ध गर्ने र आवश्यकता अनुसार जिल्ला विकास समिति र श्री ५ को सरकारसंग सहयोग लिने।

(३४) आफ्नो जिम्मा वा मातहतमा रहेको चल अचल सम्पत्तिको बचाउ र हेरचाह गर्ने ।

(३५) सरकारी पर्ती जग्गा वा प्रयोगमा नआएको सरकारी घर श्री ५ को सरकारको कुनै आदेश नभएसम्म संरक्षणमा राखी कुनै परिवर्तन नगरी उपयोग गर्ने ।

(३६) पाटी, पौवा, धर्मशाला आदिको लगत राख्ने ।

(३७) कान्जी हाउस राख्ने प्रबन्ध गर्ने ।

(३८) जिल्ला विकास समितिबाट वा सो मार्फत आएको सार्वजनिक सूचना यथास्थानमा टाँस्ने, टाँस्न लगाउने ।

(३९) श्री ५ को सरकार वा जिल्ला विकास समितिले सुम्पेको अन्य कुनै काम गर्ने र जिल्ला विकास समितिले गर्न लागेको विकास कार्यमा सहयोग दिने ।

(४०) जिल्ला विकास समितिले आफूलाई भएको अधिकार प्रयोग गरी दिएको निर्देशन तथा आदेशको पालना गर्ने ।

(४१) श्री ५ को सरकारको निर्देशन पालना गर्ने ।

(२) यस ऐनमा लेखिएदेखि बाहेक गाउँ विकास समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–५

## सचिव र अन्य कर्मचारी

१३. सचिव : श्री ५ को सरकारले नियुक्त गरेको वा तोकिदिएको व्यक्ति गाउँ विकास समितिको सचिव हुनेछ र निजले अध्यक्षको सामान्य रेखदेखमा रही काम गर्नेछ ।

१४. सचिवको कर्तव्य र अधिकार : सचिवको कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) गाउँ विकास समितिको बैठकमा वा यस ऐन बमोजिम गठित अन्य समिति वा उप समितिको बैठकमा पेश भएको प्रस्ताव र सो प्रस्ताव उपर भएको छलफल र निर्णयको अभिलेख राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित सबै सदस्यहरूलाई पठाउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) गाउँ विकास समितिको निर्णय अध्यक्षको सामान्य रेखदेखमा रही कार्यान्वयन गर्ने ।

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सुम्पिएको वा श्री ५ को सरकारले तोकिदिएको अन्य कर्तव्यको पालना गर्ने र अधिकारको प्रयोग गर्ने ।

१५. अन्य कर्मचारी : श्री ५ को सरकारले आवश्यक देखेमा गाउँ विकास समितिको लागि अन्य कर्मचारीहरू पनि नियुक्त गर्न वा तोकिदिन सक्नेछ । त्यस्ता कर्मचारीहरूको पारिश्रमिक तथा अन्य सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

परिच्छेद–६

गाउँ विकास समितिको कोष र सम्पत्ति

१६. गाउँ विकास समितिको कोष : (१) गाउँ विकास समितिको आफ्नो एउटा कोष हुनेछ ।

(२) गाउँ विकास समितिको कोषमा देहायका रकमहरू आम्दानी बाँधिनेछ :–

(क) यो ऐन बमोजिम उठाउन पाउने कर, दस्तूर वा रकमबाट आएको आयस्ता ।

(ख) श्री ५ को सरकारले गाउँ विकास समितिलाई हस्तान्तरण गरी दिएको जिन्सी तथा नगदी ।

(ग) गाउँ विकास समितिका कर्मचारीहरूले बटुलेको माटो, मैला, गोबर र सिनु इत्यादि बिक्रीबाट उठेको रकम ।

(घ) गाउँ विकास समितिले सापट कर्जा लिएको रकम ।

(ङ) नगरपालिका वा अरू कुनै गाउँ विकास समितिले प्रदान गरेको सहायता रकम ।

(च) श्री ५ को सरकारको विशेष वा सामान्य आदेशद्वारा गाउँ विकास समितिले कोषको निमित्त पर सारेको रकम ।

(छ) श्री ५ को सरकार, जिल्ला विकास समिति वा अन्य कुनै संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम ।

(ज) कान्जी हाउसको जरिवाना इत्यादिको आम्दानी ।

(झ) गाउँ विकास समितिको औषधालयबाट उठेको आम्दानी ।

९४५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) गाउँ विकास समितिको चल अचल सम्पत्तिबाट उठेको आम्दानी ।

(ट) गाउँ विकास समितिले यस ऐन बमोजिम गरेको दण्ड जरिवानाबाट उठेको रकम ।

(ठ) कुनै व्यक्ति, संघ वा संस्थाबाट गाउँ विकास समितिले प्राप्त गरेको चन्दा, दान दातव्य वा अन्य कुनै रकम ।

(ड) गाउँ विकास समितिले दिएको ठेक्काबाट प्राप्त भएको रकम ।

१७. गाउँ विकास समितिको सम्पत्ति: (१) गाउँ विकास समितिको क्षेत्र भित्रको देहायका सम्पत्तिहरू उपर गाउँ विकास समितिको पूरा हक हुनेछ र त्यस्तो सम्पत्तिहरूको रेखदेख र प्रबन्ध गाउँ विकास समितिले गर्नु पर्नेछ:–

(क) गाउँ विकास समितिको कोषबाट बनेको, खरिद भएको र श्री ५ को सरकारले वा कुनै व्यक्तिले दिएको सम्पत्ति ।

(ख) कुनै व्यक्ति विशेषको निजी हक अधिकार नभएको र श्री ५ को सरकार वा जिल्ला विकास समितिको नियन्त्रणमा नरहेको सार्वजनिक ढल, नाल, पुल, पोखरी, देवालय, शिवालय, पाटीपौवा, कुवा, धारा, इनार, गौचर, पानी घाट, निकास र बाटो ।

(ग) बढिमा बाउन्न रोपनी वा चार बिगाहासम्म कसैको हक भोग नभएको पर्ति जग्गा ।

(घ) प्रचलित वन सम्बन्धी ऐन वा वन नीति अनुसार श्री ५ को सरकारले छुट्याई दिएको वन ।

तर त्यस्तो वनको सम्बन्धमा वन ऐनद्वारा श्री ५ को सरकारमा रहेको अधिकारमा यस दफाको कुनै कुराले वाधा पुऱ्याउने छैन ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति गाउँ विकास समितिले श्री ५ को सरकारको स्वीकृति विना बेच बिखन गर्न वा अरू कुनै व्यहोराले आफ्नो हक छाडी दिन पाउने छैन। स्वीकृति विना बेच बिखन गरेमा वा हक छाडी दिएमा उजूर परेका बखत जुनसुकै अवस्थामा वदर हुनेछ ।

१८. गाउँ विकास समितिले ठेक्न र उठाउन हुने कर, दस्तूर इत्यादि: (१) गाउँ विकास समितिले देहाय बमोजिमको कर वा दस्तूर तोकिए बमोजिम ठेक्न र उठाउन सक्नेछ:–

(क) तोकिएको व्यापार वा पेशामा कर ।

(ख) आफ्नो क्षेत्रमा सवारी राख्दाको दस्तूर ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मेला, बजार, हाटमा चौपायाहरू खरिद बिक्री गर्दाको दस्तूर ।

(घ) बहाल बिटौरी, मेला, धाम वा बैठकको दस्तूर ।

(२) उपदफा (१) बमोजिमको कर वा दस्तूर त्यस्तो कर वा दस्तूर तिर्नु पर्ने व्यक्तिहरूबाट तोकिए बमोजिम नगदीमा उठाउनु पर्नेछ ।

(३) विदेशबाट नेपाल अधिराज्य भित्र आएको तोकिएको सवारीमा प्रत्येक पटक उक्त सवारी सबभन्दा पहिले जुन गाउँ विकास समितिको क्षेत्रमा प्रवेश गर्छ सो गाउँ विकास समितिले तोकिए बमोजिम कर लगाउन सक्नेछ र एक गाउँ विकास समितिको क्षेत्रमा कर तिरेपछि अन्यत्र पुनः त्यस्तो कर लाग्ने छैन ।

(४) श्री ५ को सरकारबाट गाउँ विकास समितिको जिम्मा दिइएका खर्कहरूमा पशु चराउने वा त्यस्ता खर्कबाट उत्पादन भएका घांस आदि चिज वस्तु उठाई लैजाने व्यक्तिलाई गाउँ विकास समितिले तोकिए बमोजिम दस्तूर लगाई असूल उपर गर्न सक्नेछ र त्यसरी असूल उपर भएको रकमको सयकडा पचास सम्बन्धित जिल्ला विकास समितिलाई बुझाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम ठेकिने र उठाइने कर दस्तूर वा रकम यो यो हिसावले यति यति ठेकिने, उठाइने भनि जिल्ला विकास समितिलाई गाउँ विकास समितिले सूचना गर्नु पर्नेछ ।

(६) यस ऐन बमोजिम कुनै व्यक्तिलाई लागेको कर वा दस्तूर त्यस्तो व्यक्तिले गाउँ विकास समितिलाई नतिरेमा गाउँ विकास समितिले सो बाँकिको लगत सम्बन्धित मालपोत कार्यालयलाई दिनु पर्नेछ र सो कार्यालयले पनि सरकारी बाँकि सरह असूल उपर गरी उठेको रकम गाउँ विकास समितिलाई बुझाई दिनु पर्नेछ ।

१९. <u>ऐन नियम विपरीत कर वा दस्तूर लिन नपाइने</u>: गाउँ विकास समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरीत कुनै पनि प्रकारको कर वा दस्तूर उठाउन पाउने छैन र उठाएमा जिल्ला विकास समिति वा श्री ५ को सरकारले सो कार्यलाई रोक्न र त्यसरी उठाएको कर वा दस्तूरको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझाउन आदेश दिन सक्नेछ ।

२०. <u>सापटी कर्जा लिने अधिकार</u>: जिल्ला विकास समितिको स्वीकृति लिई गाउँ विकास समितिले यस ऐन बमोजिमको कुनै कामको निमित्त जिल्ला विकास समितिले तोकिदिएको शर्त बन्देजको अधीनमा रही सापटी कर्जा लिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर दुई हजार रूपैयाँ सम्मको कर्जा लिंदा जिल्ला विकास समितिको स्वीकृति लिनु पर्ने छैन ।

२१. गाउँ विकास समितिको कोषको संरक्षण र हिसाव कितावको उचित प्रबन्ध गर्ने : गाउँ विकास समितिले आफूले ठेक्न, उठाउन पाउने कर, दस्तूर वा रकम ठेक्न, उठाउन, गाउँ विकास समिति कोषको संरक्षण गर्न र तत्सम्बन्धी हिसाव किताव दुरुस्त राख्नका लागि जो चाहिने प्रबन्ध गर्नु पर्नेछ ।

२२. हिसाव कितावको जाँच : गाउँ विकास समितिको हिसाव किताव साल सालै जिल्ला विकास समितिबाट अधिकार प्राप्त व्यक्तिले तोकिए बमोजिम जाँच्नेछ र श्री ५ को सरकारको अधिकार प्राप्त व्यक्तिले पनि हिसाव कितावको जाँच गर्न सक्नेछ ।

२३. कोषको सञ्चालन : गाउँ विकास समितिको कोषको सञ्चालन अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद–७
## बजेट र लेखापरीक्षण

२४. बजेट : गाउँ विकास समितिले प्रत्येक आर्थिक वर्षको आय व्ययको विवरण (बजेट) तयार गरी स्वीकृतिको निमित्त सम्बन्धित जिल्ला विकास समिति समक्ष पेश गर्नु पर्नेछ र जिल्ला विकास समितिबाट स्वीकृत बजेट बमोजिम खर्च गर्नु पर्नेछ ।

२५. लेखा र लेखापरीक्षण : (१) गाउँ विकास समितिले आफ्नो आय व्ययको लेखा प्रचलित नेपाल कानून बमोजिम राख्नु पर्नेछ ।

(२) गाउँ विकास समितिको आय व्ययको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिबाट हुनेछ ।

(३) गाउँ विकास समितिको आय व्ययको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकले तोकिदिएको व्यक्तिबाट हुनेछ ।

## परिच्छेद–८
## मुद्दा मामिला सम्बन्धी अधिकार

२६. मुद्दा हेर्ने अधिकार : (१) जतिसुकै बिगो, दण्ड वा कैद हुने भएपनि गाउँ विकास समितिको क्षेत्र भित्रको देहायका सबै वा केही मुद्दाको शुरू कारवाही र किनारा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै वा सबै गाउँ विकास समितिलाई दिन सक्नेछः–

(क) बाटो वा निकास मिचेको ।
(ख) आली धूर बारे ।
(ग) ज्याला मजदूरी बारे ।
(घ) बेठ बेगार बारे ।
(ङ) अर्काको घरबारी भित्र जबरजस्ती पसेको वा पस्न खोजको ।
(च) पानी घाट बारे ।
(छ) चरी चराउ वा घांस दाउरा काट्ने बारे ।
(ज) आफ्नो क्षेत्र भित्र सीमित रहेको सांध, सिमाना, कुलोपानी वा सन्धी सर्पन बारे ।
(झ) गोबध बाहेक अरू स्त्री जाति चौपाया वध गरेको ।
(ञ) नपुग नापतौल प्रयोग गरी ठगेको बारे ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकार प्राप्त गाउँ विकास समितिलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(३) यस ऐन अन्तरगतका मुद्दा गाउँ विकास समितिमा दायर गर्नु पर्नेछ ।

(४) गाउँ विकास समितिमा बहुमतको राय मान्य हुनेछ ।

(५) गाउँ विकास समितिको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र जिल्ला अदालतमा उजूर गर्न सक्नेछ ।

२७. आफ्नो अधिकार भित्रको मुद्दा मामिलामा मिलापत्र गराउने गाउँ विकास समितिको अधिकार: प्रचलित नेपाल कानून बमोजिम मिलापत्र गराउन हुने आफ्नो अधिकार भित्रको मुद्दामा मुद्दाका दुवै पक्ष मिलन मञ्जूर भई मिलापत्र गराउँदा प्रचलित नेपाल कानून बमोजिम नजिकको अड्डा वा अदालत साक्षी राख्नु पर्दैन । मिलापत्र गर्दा गाउँ विकास समितिका सदस्यहरूको रोहवरमा मिल्ने भएको व्यहोरा दुवै पक्षबाट दरखास्तको रुपमा लेखाई लिई दुवै पक्षले ल्याएको दुई दुई जना मानिस साक्षी राखी गाउँ विकास समितिबाट मिलापत्र गराई दिन सकिनेछ । गाउँ विकास समितिमा गरेको मिलापत्र अदालतमा गरेको मिलापत्र सरह हुनेछ ।

२८. अधिकार बाहिरको मुद्दा मामिलाको मिलापत्र गराउँदाको कार्य प्रणाली: दफा २६ बमोजिम गाउँ विकास समितिबाट हेर्न पाउने बाहेक अन्य प्रचलित नेपाल कानूनले मिलापत्र गर्न पाउने मुद्दामा पहिला अदालतमा नालिस उजूर गर्न नगई विपक्षले यस्तो अन्याय गरेकोले गाउँ विकास समितिबाट झिकाई सम्झाई बुझाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिलापत्र गराई पाउँ भनि सबै व्यहोरा खोली दरखास्त दिन आएमा अर्को पक्षलाई उजूरीको तथ्य खोली तीन दिन भित्र आउनु भनि सूचना लेखी गाउँ विकास समितिले मानिस पठाई झिकाई र सो झिकाउँदा नआए बाटाका म्याद बाहेक सात दिनको म्याद तोकी समाह्वान जारी गरी हाजिर गराई सम्झाउँदा मिल्न मञ्जूर गरेमा वा दुवै पक्ष मिल्न मञ्जूर गरी आफै हाजिर हुन आएमा दुवै पक्षबाट आफ्नो आफ्नो मिल्ने व्यहोराको दरखास्त लिई मिलापत्रको कागज लेखी दफा २७ बमोजिम साक्षी बसी सहिछाप गराउन सो मिलापत्रको कागज र दुवै पक्षलाई नजिकको अदालतमा पठाई दिनु पर्छ । सो बमोजिम गाउँ विकास समितिबाट पठाएकोमा अदालतले पनि दुवै थरीलाई सम्झाई बुझाई मिल्न मञ्जूर गरे सोही मिलापत्र र सो मिलापत्रमा दुवै पक्षको मञ्जूरीले संशोधन गर्नु पर्ने भए सो गरी त्यसमा समेत दुवै पक्षको सही गराई साक्षी वसी सो कागजपत्र र पक्षहरूलाई सम्बन्धित गाउँ विकास समिति मै पठाई दिनु पर्नेछ ।

२९. अर्को पक्ष हाजीर नभएमा वा मिल्न मञ्जूर नगरेमा दरखास्तवालालाई सूचना दिने : दफा २८ बमोजिम जारी भएको समाह्वानको म्यादमा अर्को पक्ष हाजीर भएन वा हाजिर भए पनि मिल्न मञ्जूर गरेन भने मिलापत्र गराई पाउँ भनी दरखास्त दिने पक्षलाई मिलापत्र हुन नसक्ने कुराको सूचना दिनु पर्नेछ ।

३०. एक महीनाभित्र कारवाही टुंगो लगाउने : दफा २८ बमोजिम मिलापत्रको निमित्त दरखास्त परेकोमा मिलापत्र हुने वा नहुने कुराको टुंगो लगाउन एक महीना भन्दा बढी ढिला गर्न हुँदैन । सो म्यादभित्र किनारा लगाई सक्नु पर्नेछ ।

३१. बक्सौनी र दण्ड सजाय : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ विकास समितिमा परेको मुद्दामा मिलापत्र गराएकोमा प्रचलित नेपाल कानून बमोजिम बक्सौनी लाग्नेछ र देवानी मुद्दामा दण्ड सजाय गर्दा सोही सरहको देवानी मुद्दामा प्रचलित नेपाल कानून बमोजिम लाग्ने कोर्टफीको अङ्कमा नबढाई दण्ड सजाय गर्नु पर्नेछ । तर कुनै व्यक्ति बक्सौनी वा दण्ड जरिवाना तिर्न नसक्ने अवस्थाको छ भनी गाउँ विकास समितिले ठहराएमा त्यस्तो व्यक्तिलाई लागेको बक्सौनी वा दण्ड जरिवाना मध्ये केही वा सबै नलिने गर्न सकिनेछ ।

३२. दरखास्त परी मिलापत्र हुन नसकेकोमा हद म्याद सम्बन्धी व्यवस्था : यस ऐन बमोजिम दरखास्त सम्म परी मिलापत्र हुन नसकेकोमा वा दफा ३४ बमोजिमको अवस्थामा प्रचलित नेपाल कानून बमोजिम नालिस दिने हद म्याद पन्ध्र दिनभन्दा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बढी बाँकी भएमा प्रचलित कानूनको म्याद भित्र र पन्ध्र दिनभन्दा कम म्याद बाँकी रहेकोमा वा म्याद गुज्री सकेकोमा गाउँ विकास समितिबाट मिलापत्रको कारवाही गर्दा गर्दै गुज्रेको देखिएमा गाउँ विकास समितिबाट मिलापत्र हुन नसक्ने कुराको दफा २९ बमोजिम सूचना दिएको मितिले बाटाका म्याद बाहेक पन्ध्र दिनसम्ममा सम्बन्धित अदालतमा नालिस दिन आएमा निजको म्याद गुज्रेको मानिने छैन ।

३३. वारिस सम्बन्धी व्यवस्था : प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ विकास समितिमा दफा २६ बमोजिम दायर भएको वारिस लाग्ने मुद्दा मामिलामा वारिस दिए धरौटी लिन हुँदैन ।

३४. जाँच चेक गरी कारवाही गर्ने जिल्ला विकास समितिको सचिवको अधिकार: जिल्ला विकास समितिको सचिवले बराबर रेखदेख गरी जाँची म्याद म्यादमा कारवाही किनारा गरेको नदेखी म्याद नघाई राखेको देखेमा जिल्ला विकास सामितिको सचिवले सो कुराको पर्चा खडा गरी त्यस्तो म्याद नाघेको गाउँ विकास समितिले छिन्न पाउने मुद्दा जति सम्बन्धित जिल्ला अदालतमा पठाई दिने र मिलापत्रसम्म गराई दिने निवेदन खारेज गर्ने आदेश दिन सक्नेछ ।

३५. रायबाझी भएमा : यस ऐन बमोजिम गाउँ विकास समितिले शुरू कारवाही र किनारा गर्न पाउने मुद्दामा बहुमत कायम हुन नसकी सदस्यहरूको भिन्ना भिन्नै राय भएमा त्यस्तो मुद्दा कारवाही र किनाराको लागि जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

३६. खोर कारागार सम्बन्धी र दण्ड जरिवाना असूल गर्ने व्यवस्था : (१) गाउँ विकास समिति वा जिल्ला विकास समितिले अन्तिम निर्णय गरेको मुद्दामा लागेको दण्ड सजायमा कैद गर्नु पर्ने अवस्थामा प्रचलित नेपाल कानून बमोजिम कैद गर्न गाउँ विकास समितिले सो निर्णयको प्रति र अभियुक्त सहित जिल्ला अदालतमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभियुक्त पठाइएकोमा प्रचलित नेपाल कानून बमोजिम कैद ठेकी कैद गरी दिनु जिल्ला अदालतको कर्तव्य हुनेछ ।

(३) यस ऐन बमोजिम मुद्दा मामिलामा भएको दण्ड जरीवाना कुनै व्यक्तिले नतिरेमा गाउँ विकास समितिले त्यसको लगत सम्बन्धित मालपोत कार्यालयमा पठाई दिनु पर्नेछ र सो कार्यालयले पनि सरकारी बाँकी सरह असूल उपर गरी उठेको रकम सम्बन्धित गाउँ विकास समितिलाई बुझाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३७. मिसिल कागजात गाउँ विकास समितिको सचिवको जिम्मामा रहने: गाउँ विकास समितिमा परेका मुद्दा सम्बन्धी सबै मिसिल कागजातहरू सचिवको जिम्मामा रहनेछ ।

३८. मुद्दा मामिलाको कार्य प्रणाली: यस ऐन बमोजिम गाउँ विकास समितिले मुद्दा मामिला हेरी कारवाही किनारा गर्दा अपनाउनु पर्ने यस परिच्छेदमा लेखिए देखि बाहेक अरू कार्य प्रणाली तोकिए बमोजिम हुनेछ र त्यसरी नतोकेसम्म प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

३९. मुद्दाहरू सर्ने: भङ्ग भएको गाउँ पञ्चायतमा दायर भई छिन्न बाँकी रहेका मुद्दाहरू र मिलापत्र सम्बन्धी निवेदनहरू सम्बन्धित गाउँ विकास समितिमा सर्नेछन् ।

## परिच्छेद–६

## श्री ५ को सरकारको विशेष अधिकार

४०. निरीक्षण गर्ने तथा निर्देशन दिने अधिकार: श्री ५ को सरकारले देहाय बमोजिम गर्न गराउन सक्नेछ:–

(क) गाउँ विकास समितिको हक भोगमा रहेको चल र अचल सम्पत्तिको निरीक्षण वा गाउँ विकास समितिको निर्देशन बमोजिम भै रहेको कुनै कामको निरीक्षण गर्न लगाउने अथवा जाँच गर्ने गराउने ।

(ख) गाउँ विकास समितिको कब्जा वा नियन्त्रणमा रहेको स्याहा स्रेस्ता र अरू कागजपत्र आदेश जारी गरी झिकाउने ।

(ग) गाउँ विकास समितिको काम कारवाही बारेमा प्रतिवेदन, बयान वा सो सम्बन्धमा कागजातको नक्कल आदेश जारी गरी गाउँ विकास समितिबाट दाखिल गराउने ।

(घ) गाउँ विकास समितिको कुनै काम कारवाही बेरितको देखिएमा कानून बमोजिम गर्न लगाउने ।

(ङ) गाउँ विकास समिति बारेको वा त्यसले गरेको कुनै काम कुराको जाँच पडताल गर्न लगाउने ।

(च) गाउँ विकास समितिको कामले सर्वसाधारण जनताको हानी नोक्सानी हुने, कसैको जिउ ज्यानको खतरा हुने वा कहिं हुलदङ्गा



१४३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन जाने सम्भावना देखिएमा त्यसो हुन नपाउने गर्न आदेश दिने ।

(छ) कुनै खास परिस्थितिमा यस ऐन बमोजिम गाउँ विकास समितिले गर्नुपर्ने कुनै कार्य सर्वसाधारणको स्वास्थ्य सुधार वा सुरक्षा-को निमित्त तुरुन्त गराउन आवश्यक छ भन्ने लागेमा मनासिब देखेको म्याद तोकी सो म्याद भित्र सो काम गर्न जिल्ला विकास समिति मार्फत गाउँ विकास समितिलाई आदेश दिने ।

तर सो म्याद भित्र गाउँ विकास समितिले नगरेमा सो काम जिल्ला विकास समितिले अरू कुनै व्यक्तिबाट गराउन सक्नेछ र सो काम गर्ने व्यक्तिको निमित्त उचित मेहनताना सहित सो काममा लागेको खर्चको सबै वा केही रकम गाउँ विकास कोषबाट भराउन सक्नेछ । त्यसरी अरू कुनै व्यक्तिबाट काम गराउनु भन्दा अघि मनासिब देखेको म्याद तोकी सो म्याद भित्र काम नगरेको कारण जिल्ला विकास समिति समक्ष पेश गर्ने मौका गाउँ विकास समितिलाई दिइनेछ ।

(ज) गाउँ विकास समितिलाई अन्य आवश्यक निर्देशन दिने ।

४१. भङ्ग गर्न सकिने: कुनै गाउँ विकास समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम गर्नु पर्ने काम कर्तव्यको पालना नगरेमा श्री ५ को सरकारले आदेश जारी गरी सो गाउँ विकास समितिलाई भङ्ग गरी अर्को गाउँ विकास समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद–१०

## दण्ड सजाय र कार्य प्रणाली

४२. यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बर्खिलाप गरेमा हुने दण्ड सजाय: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको बर्खिलाप गरी कुनै काम कारवाही गरेमा सो वापत गाउँ विकास समितिले आफ्नो क्षेत्र भित्र यस ऐनमा अन्यत्र दण्ड सजाय तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा पहिलो पटक दश रूपैयाँ सम्म, दोस्रो पटक पचास रूपैयाँ सम्म र तेस्रो पटक एकसय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ र त्यसपछि पनि अटेर गरी सोही अपराध फेरि फेरि गरेमा पटकै पिच्छे अघि भएको सजायमा दोब्बर भर्दै सजाय गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३. गाउँ विकास समितिको सानो तिनो सम्पत्ति हटाएमा वा हेरफेर गरेमा हुने दण्ड सजायः (१) गाउँ विकास समितिको तार, बत्तीको खम्बा, पाइप इत्यादि सानो तिनो धनमाल कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई कसैले हटाएमा वा हेरफेर गरेमा वा सो गर्न लगाएमा दफा ४२ बमोजिम दण्ड सजाय हुनेछ ।

(२) उपदफा (१) मा लेखिए बमोजिम गरे गराएको हानी नोक्सानीको हरजाना समेत नोक्सानी गर्ने व्यक्तिबाट असूल उपर गराउन वा निजलाई साविक बमोजिम तयार गर्न लगाउन सकिनेछ ।

४४. उजूरीः (१) गाउँ विकास समितिको आदेशमा वा सो समितिले अह्राएको काममा कुनै व्यक्तिको चित्त नबुझेमा यस ऐनको अरू दफामा लेखिएकोमा सोही बमोजिम हुनेछ र नलेखिएकोमा जिल्ला विकास समिति समक्ष पैंतीस दिन भित्र उजूर गर्न सकिनेछ । जिल्ला विकास समितिले पनि जो बुझ्नु पर्ने बुझी सो आदेश वा अरोटलाई सदर वा बदर वा केही उल्टी गर्न सक्नेछ ।

(२) जिल्ला विकास समितिले मनासिव ठहराएमा उप-दफा (१) मा लेखिएको म्यादमा पन्ध्र दिनसम्म थप दिन सक्नेछ ।

(३) जिल्ला विकास समितिले उप-दफा (१) अन्तर्गत गरेको निर्णय अन्तिम हुनेछ ।

४५. काम कारवाही मुलतबी रहनेः गाउँ विकास समितिले गरेको कुनै आदेश वा अरोटमा चित्त नबुझी उजूरी पर्‍यो भने उजूरीमा निर्णय नभएसम्म सो आदेश वा अरोट बमोजिम गर्नु पर्ने काम कारवाही उक्त उजरी सुन्ने अधिकारीको आदेशले मुलतबी रहन सक्नेछ ।

४६. मुद्दा चलाउने हदम्यादः यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम अनुसार वा प्रचलित नेपाल कानूनले दिएको अधिकार प्रयोग गरी गरेको कुनै कामको सम्बन्धमा गाउँ विकास समिति, गाउँ विकास समितिको सदस्य वा कर्मचारी वा गाउँ विकास समितिले कुनै काममा लगाएको व्यक्ति उपर देहायमा लेखिए बमोजिम नभई मुद्दा चल्न सक्दैनः–

(क) मुद्दा चलाउने कारण र बादी हुनेको र निजको वारिस भए त्यसको नाम र ठेगाना खोली लिखित सूचना गाउँ विकास समिति, गाउँ विकास समितिका सदस्य वा कर्मचारी वा गाउँ विकास समितिले काममा लगाएको व्यक्तिलाई बुझाएको वा हुलाकद्वारा रजिष्टरी



१४५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी पठाइएको एक महीना ननाघी, र

(ख) मुद्दा चलाउने कारण भएको आठ महीना भित्र मुद्दा दायर नभै ।

४७. कर्तव्य पालना गर्दा वा अधिकार प्रयोग गर्दा असल नियतले काम गरेमा बचाउः गाउँ विकास समिति, गाउँ विकास समितिको सदस्य वा गाउँ विकास समितिले कुनै काममा लगाएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम गर्नु पर्ने कर्तव्य पालना गर्दा वा पाएको अधिकार प्रयोग गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्न भागी हुने छैन ।

## परिच्छेद–११

## विविध

४८. अधिकार सुम्पन सक्नेः श्री ५ को सरकारले यो ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकेको अधिकारी वा निकायले तोकेको शर्त बन्देजको अधीनमा रही प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

४९. स्थानीय प्रशासन वा प्रहरी कर्मचारीले मद्दत दिनेः कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बखिलाप गरे गराएको कुरा स्थानीय प्रशासन वा प्रहरी कर्मचारीले थाहा पाएमा गाउँ विकास समितिमा खबर दिई सो समितिका सदस्य र गाउँ विकास समितिका कर्मचारीहरूलाई सकेसम्म मद्दत दिनु पर्नेछ र यस्तै किसिमको अरू काम कुरामा गाउँ विकास समितिले मद्दत मागेमा समेत तुरुन्त मद्दत दिनु पर्नेछ ।

५०. मतभेद भएमाः दुई वा दुई भन्दा बढी गाउँ विकास समितिका बीचमा मतभेद भएमा जिल्ला विकास समिति समक्ष र गाउँ विकास समिति र नगरपालिकाका बीचमा कुनै मतभेद भएमा श्री ५ को सरकार समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नु पर्नेछ ।

५१. सरकारी कर्मचारीलाई मद्दतः सरकारी काममा खटिएका कर्मचारी वा अरू कुनै व्यक्तिलाई गाउँ विकास समितिले आफ्नो क्षेत्र भित्रको काममा सकेसम्म मद्दत दिनु पर्नेछ ।

५२. गाउँ विकास समितिले सिफारिश गर्न हुनेः गाउँ विकास समितिले आफ्नो क्षेत्र भित्रका बासिन्दाहरूको भलाई हुने जुनसुकै कुराको सिफारिश सम्बन्धित सरकारी कार्यालयमा गर्न सक्नेछ ।



१५५ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३. गाउँ विकास समितिले सरकारी वा गैर सरकारी रकम कलम इत्यादि उठाउने: आफ्नो क्षेत्रभित्र सरकारी बाँकी र अरू कुनै रकम कलम उठाउन श्री ५ को सरकार-को तर्फबाट लेखी आएमा वा दुनियाँदारको रकम कलम वा बाली समेत उठाई दिन दरखास्त परेमा सो उठाई दिन कानूनले बाधा नपर्ने रहेछ भने गाउँ विकास समितिले सरकारी उठतिको हकमा सयकडा दश र दुनियाँदारको उठतिको हकमा सयकडा पाँच दस्तूर लिई उठाई दिन सक्नेछ।

५४. श्री ५ को सरकारसंग सम्पर्क: गाउँ विकास समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा जिल्ला विकास समिति मार्फत राख्नु पर्नेछ।

५५. नियम बनाउने: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यकता-नुसार नियमहरू बनाउन सक्नेछ।

५६. विनियम बनाउने: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही गाउँ विकास समितिले विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

५७. बाधा अड्काउ फुकाउने: यो ऐन कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

५८. बचाउ: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको जति कुरामा सोही बमोजिम हुनेछ।

५९. सम्पत्ति र दायित्व सर्ने: गाउँ विकास समिति कायम नरहे पछि गाउँ विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व श्री ५ को सरकारमा सर्नेछ।

लालमोहर सदर मितिः— २०४७।२।२८।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

१५८(५३)

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।